## नेपाल स्वास्थ्य सेवा सहकारी संस्थाद्वारा प्रस्तावित
## मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

# प्रेस विज्ञप्ति

मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाको विधेयक २०७२ संसदमा पेश भई प्रस्ताव स्वीकृत भई सके पछि बिभिन्न दैनिक पत्र पत्रिकाहरु एवम् अनलाईन खबरहरुबाट विभिन्न खालका टिकाटिप्पणीहरु जस्तै नीजि क्षेत्रले सञ्चालन गरेको, नाफा कमाउने उद्देश्यले व्यापार गर्नको लागि खोलिएको, सम्बन्धनको नीम्ति चोर बाटो अपनाएको, राज्यको नीति विपरित खोलिएको, नेकपा (एमाले) का कार्यकर्ताहरुले खोलेको, नितान्त केही व्यक्तिको स्वार्थको लागि खोलिएको, मेडिकल शिक्षाको गुणस्तर विपरित सञ्चालन गर्न लागिएको, भौतिक एवम् शैक्षिक पूर्वाधार पुरा नगरी नै सम्बन्धनको लागि राजनीतिक दवाव सृजना गरेको टिका टिप्पणी गर्नुका साथै ती लेख रचनाबाट व्यवस्थापिका संसद सदस्यहरुलाई अपमान गर्नुका साथै देशभरका ४५ लाख सहकारी कर्मीहरुलाई घोर अपमान हुने गरी सहकारी सिद्धान्तलाई धज्जी उडाउने काम भएकोले सम्पूर्ण देशभरका न्याय प्रेमी महानुभावहरु, स्वास्थ्यकर्मीहरु, नेपाल चिकित्सक संघ, प्राध्यापकहरु, कर्मचारीहरु, सञ्चारकर्मीहरु, पेशागत संघ संगठनहरु, नागरिक समाज, बिद्यार्थी संगठनहरु र सहकारी कर्मीहरुलाई भ्रम पर्न गएकोले यस्ता कथित कुरामा बिश्वास नगरी यथार्थ कुरामा स्पष्ट हुन हार्दिक अनुरोध गर्दै यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. कुनै पनि देशमा ऐतिहासिक व्यक्तिहरुको नाममा सरकारले नै शहर, विमानस्थल, स्कुल, क्याम्पस, अस्पताल, खेलकुद मैदान आदिको नाम राखेर सम्मान गर्ने चलन छ र नेपालमा स्व. बिशेश्वर प्रसाद कोइरालाको नाममा केहि संस्था सरकारले स्थापना गरेको छ, तर पुष्पलाल श्रेष्ठ, शुवर्ण समशेर, गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई, मनमोहन अधिकारी, गिरिजा प्रसाद कोइराला, गजेन्द्र नारायण सिंह, महेन्द्र नारायण निधि लगायत अन्य आदरणीय नेताहरुको नाममा सरकारले खासै केहि गरेको छैन । राजनीतिका शिखर पुरुष पूर्व प्रधानमन्त्री स्व. मनमोहन अधिकारीको योगदानलाई चीरस्थायी बनाउने उद्देश्यले नेपाल स्वास्थ्य सेवा सहकारी संस्था स्थापना गरी मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने उद्देश्यले संसदमा उक्त विधेयक पेश गरेको विषय सर्वविदितै छ ।

२. यो संस्था नीजि क्षेत्रले सञ्चालन गरेको भनि प्रचार गरिएको कुरा गलत हो । यो संस्था ने.क.पा. (एमाले)का नेता कार्यकर्ता मिलेर खोलिइएको संस्था होईन । सबै राजनीतिक बिचारधारा भएका र न्यून आय भएकादेखि अधिक आय भएका सम्मका २४०० भन्दा बढि व्यक्तिहरु मिलेर स्थापना गरिएको संस्था हो । यो संस्था केही व्यक्तिले नीजि स्वार्थको लागि नाफा कमाउने उद्देश्यले व्यापार गर्न खोलिएको संस्था होईन । प्रति व्यक्ति रु.१,५१,०००।- (अक्षरुपि एक लाख एकाबन्न हजार मात्र ।) लगानी गरी सदस्य बन्न सकिने राज्यको अन्तरिम संविधानले मानेको अर्थतन्त्रको तीन खम्बामध्ये सहकारीको विश्वव्यापी मान्यता सहितको ७ सिद्धान्तबाट प्रेरित भै आगामी वर्षहरुमा १०,००० नयाँ सदस्य बनाई दुर्गम स्थान र विभिन्न क्षेत्रमा बस्ने विपन्न एवम् मध्यम वर्गका जनतालाई लक्षित गरी देशभित्र गुणस्तरयुक्त स्वास्थ्य जनशक्ति उत्पादन गर्ने, उद्धेश्यले स्थापना भएको संस्थालाई नाफा कमाउन, व्यापार गर्न केही व्यक्तिले खोलेको भनि लान्छना लगाउनु सर्वथा अनुचित छ ।

२. यस संस्थाले नेपाल सरकार, शिक्षा मन्त्रालयबाट प्रचलित कानून अनुसार मिति २०६४ सालमा मनसाय पत्र (letter of Intent) प्राप्त गरि अरबौं लगानी गरि सम्पुर्ण पुर्वाधार पुरा भै सके पश्चात् नेपाल सरकार शिक्षा मन्त्रालयको अनुगमन निरीक्षण पछि प्राप्त प्रतिवेदन, नेपाल मेडिकल काउन्सिलको निरीक्षण प्रतिवेदन र त्रिभुवन विश्वविद्यालयले निर्माण गरेको विशेषज्ञ टीमको निरीक्षण प्रतिवेदन अनुसार सम्पूर्ण मापदण्ड र पूर्वाधार पुरा भै सकेको यस मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अनुमान र पूर्वाग्रहको भरमा मापदण्ड पुरा नभएको जस्ता टिप्पणी गर्नु अनुचित कार्य हो । नेपाल सरकारको कानून बमोजिम गरिएको कार्यहरुलाई राजनीतिक दवावले गरिएको भन्नु उचित कार्य होईन । मापदण्ड अनुसारको पूर्वाधार पुरा भएको छैन जस्तो लागेमा नेपाल मेडिकल काउन्सिल, शिक्षा मन्त्रालय, त्रि.वि.वि., चिकित्सा शास्त्र अध्ययन संस्थान, पत्रकार, मानवअधिकारकर्मी, नागरिक समाज लगायत सबैको निष्पक्ष संयुक्त टोली निर्माण गरी पून: निरीक्षणका लागि अनुरोध गरिन्छ । यदि पूर्वाधार नपुगेमा मनमोहन अधिकारी जस्तो पवित्र व्यक्तिको नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने कार्य यस संस्थाले नगर्ने कुरा सबैलाई स्पष्ट पार्न चाहन्छौं ।

३. मनमोहन अधिकारीको नाममा सरकारले हालसम्म खासै केही नगरेको र सरकारले नै गर्नु पर्ने कार्य जनता मिलेर राज्यको आर्थिक भार नपर्ने गरी गर्न खोज्नु त स्वागत योग्य कुरा हो भनि पूर्व प्रधानमन्त्री सुशिल कोईराला र पूर्व शिक्षा मन्त्री चित्रलेखा यादवले नै शुरु गर्नु भएको विषय भएको हुँदा त्यसैको निरन्तरता स्वरुप पछिको सरकारले प्रतिष्ठान स्थापनाको निम्ति कार्य अगाडी बढाउनुलाई चोर बाटो अपनाएको भन्नु र नेपाली जनताको सर्वोच्च निकाय सार्वभौम व्यवस्थापिका संसदलाई चोरबाटो भन्नु घोर आपत्तिजनक कुरा हो ।

४. हालसम्म नेपालमा खोलिएका करिब २० वटा नितान्त प्राईभेट मेडिकल कलेजहरु स्थापना हुँदा यति धेरै नकारात्मक टिका टिप्पणीहरु नआउनु, तर आज सहकारीको माध्यमद्वारा जनता मिलेर मनमोहन अधिकारीको योगदानलाई कदर गर्ने उद्देश्यले एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न खोज्दा किन यति धेरै टिका टिप्पणी भएको छ ? किन केही व्यक्तिहरु मर्माहत भएका छन् ? अनुसन्धानको विषय हुनु पर्छ कि पर्दैन ? नेपालमा सीटको अभावले प्रति वर्ष करिब २००० को संख्यामा विदेशमा विद्यार्थीहरु चिकित्सा विज्ञान अध्ययन गर्न गई वर्षेनी अरबौं रुपैयाँ विदेश गईरहेको अवस्थामा मनमोहन अधिकारीको नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुन खोज्दा किन यति आहत हुनु पर्‍यो ?

शिक्षा मन्त्रालयबाट मनसाय पत्र प्राप्त गरि सम्पूर्ण मापदण्ड पुरा गर्न बैंकहरुसँग करिब २ अर्ब रुपैयाँ कर्जा लिई सम्पूर्ण मापदण्ड पुरा गरि सकेपछि कुनै व्यक्ति वा संस्थाले धम्की, घुर्की लगाउँदैमा अन्तिम स्वीकृति नदिने कुरा कुनै पनि राज्यको कानून, नियम बिपरित हुन्छ र उक्त लगानी गर्ने संस्थालाई घोर अन्याय हुन्छ । राज्यले कुनै व्यक्ति वा संस्थालाई अन्याय गर्न मिल्दैन । तसर्थ न्यायको पक्षमा वकालत गर्न यस संस्था देशभरका सम्पूर्ण न्याय प्रेमी महानुभावहरु, सार्वभौम व्यवस्थापिका संसदका माननीय सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछ ।

डा.रामकुमार अधिकारी
सचिव
**नेपाल स्वास्थ्य सेवा सहकारी संस्था,**
**(प्र. मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान)**
का.म.पा. - १५, स्वयम्भू, काठमाडौं
फोन नं. ४०३४८६७, ४०३४५९८